परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।


•वर्ष १ •अंक ३३१ •२०७९ साल माघ २२ आइतबार •(5 February - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## मिटरब्याजी दिलिप साह प्रहरीको नियन्त्रणमा, घरबाट हतियार तथा तमसुकहरु बरामद



**टक नेपाल, जनकपुरधाम ।**
मिटर ब्याजमा पैसा लगाउँदै आएका दिलिप साहलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रशासन कार्यालय धनुषामा साह बिरुद्ध उजुरी परेपछि जिल्ला प्रहरी धनुषाबाट खटेको टोलीले उनलाई पक्राउ गरेको हो । मिटरब्याजी साह बिरुद्ध उजुरी परेपछि जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १ स्थित निजको घर तथा पसलमा खान तलाशी गर्दा हतियार सहित विभिन्न कपाली तमसुक बरामद गरेको छ । प्रहरी नायव उपरीक्षक दिपक कुमार रायको कमाण्डमा खटिएको टोलीले खान तलासी गर्दा कटुवा पेस्तोल १ थान, ३०३ राईफलमा लाग्ने गोली ४ थान, म्यागनममा लाग्ने गोली १ थान १ र म्यागनमको खोका १ थान बरामद गरेको छ । यसका साथै प्रहरीले दिलिप साह तथा उनको श्रीमति ममता देवी साह समेत नाममा रहेको राजिनामा फारम सहितको जग्गा धनि पुर्जा ३९ थान, दिलिप साहको नाममा जग्गा रोक्का रहेको फारम ५ थान, रकम उल्लेख नभई दस्तखत भएको सिटिजन बैंकको चेक १ थान, कपाली तमसुक १५ थान, खाली कागजमा सहिछाप भएको ६ वटा पाना, लेनदेन मुद्दाको विपक्षी पवन नारायण झाको नाममा रहेको सक्कलै म्याद बान १ थान, लेनदेन मुद्दाको दिलिप साहको नाममा रहेको तारेख पर्चा १४ थान समेत बरामद गरेको हो । उनलाई पक्राउ गरेर थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## प्रदेशसभा वैज्ञानिक र वस्तुवादी बनाउनुपर्छ : सभामुख मण्डल



**टक नेपाल, जनकपुरधाम।**
मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले संघीयताको जननी मधेस प्रदेश भएकाले यहाँको प्रदेशसभा र सरकार वैज्ञानिकवादी र वस्तुवादी बनाउनुपर्ने बताएका छन्। सभामुख मण्डलले विगतको अनुभवबाट सिकेर नयाँ वैज्ञानिक र वस्तुवादी बनाउनेतर्फ सांसद र सरकार मन्त्री लाग्नुपर्ने बताएका हुन्। मधेस प्रदेशबाट आउने सन्ततिका लागि यहाँबाट निर्माण हुने कानुनमा गहिरो मन्थन आवश्यक रहेको बताउँदै आफ्नोभन्दा आफ्ना पुस्ताका लागि सोचेर कानुन निर्माणमा सबै सांसदहरू लाग्न आवश्यक रहेको बताए । संघीयता निर्माणको सवालमा पहिले भन्दा सन्तोषजनक अवस्थामा रहे पनि धेरै काम गर्न बाँकी रहेको सभामुख मण्डलको भनाइ छ । संघीयताको अभ्यासमा पाँच वर्षमा जग हाल्ने काम भएपनि अझ धेरै काम गर्न बाँकी रहेको बताए । मण्डलले भने, 'संघीयता खर्चिलो भयो भने टिप्पणी गर्नेहरूका लागि यो एउटा सरफेस मात्र भयो । संघीयता बिरोधिहरूको स्वर धिमी गतिमा छ । हामी द्रुत गतिमा अगाडि बढिरहेका छौं । त्यसैले संघीयताले जीवन दर्शनमा नयाँ आयाम थप्छ भन्ने जनतामा विश्वास काम गरेर देखाउन सक्नुपर्छ।' प्रदेशसभालाई जीवनोपयोगी बनाउन कडा मेहनत गर्न जरुरी रहेको बताउँदै कानुन निर्माणको सवालमा सधै प्रदेशसभा अग्रसर रहने बताए । संघीयतालाई उतरदायी गर्न सांसद्को सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै पुरानिबाट सिक्दै नयाँ आयाम खोज्नुपर्ने बताए ।

## बिचौलिया नियन्त्रणका लागि लाइसेन्स आवश्यक : मन्त्री साह



**टक नेपाल, चितवन।**
कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वालाकुमारी साहले कृषि क्षेत्रमा भएको बिचौलिया अन्त्यका लागि अनुमतिपत्रको व्यवस्था गर्नुपर्ने बताएकी छिन् । उनले लाइसेन्सप्राप्त व्यक्तिले मात्रै कृषिजन्य वस्तु खरिद तथा बिक्री गर्न पाउने गरी नीतिगत व्यवस्था गरिने उनको भनाइ छ । राष्ट्रिय व्यावसायिक पशुपालन तथा दुग्ध उत्पादक कृषक समाज नेपालको तेस्रो आज यहाँ आयो जित साधारणसभा तथा अधिवेशनमा बोल्दै उनले कृषिजन्य वस्तुको आयात रोक्न नाकामा प्रयोगशाला र चेकजाँचको माध्यमबाट सरकारले कडाइ गर्ने बताइन् । किसानका समस्या समाधानका लागि नीतिगत तहदेखि नै आफूले प्रयास गर्ने उनको भनाइ छ । कृषिमा भएको लगानीअनुसार मूल्य नपाउँदा युवा विदेशिनु परेको भन्दै उनले यसको नियन्त्रणका लागि आफ्नै माटोमा रमाउने खालका कार्यक्रमहरु ल्याउने योजनामा सरकार रहेको बताइन् ।

–बाँकी पृष्ठ २ मा




Bardibas Service Centre
Bardibas Bazaar, Bardibas, Mahottari



# मधेसमा पहिलो संसदीय यात्रामै मन्त्री बन्ने यी हुन् आठ नयाँ अनुहार



**टक नेपाल, जनकपुरधाम ।** मधेस प्रदेशमा सत्ता गठबन्धनका तीन दल जनता समाजवादी पार्टी नेपाल, नेकपा एमाले र जनमत पार्टी सरकारमा जाँदा मुख्यमन्त्रीसहित कुल १० मन्त्री र ३ राज्यमन्त्री छन् । जसमध्ये ६ जना पहिलो संसदीय यात्रामै मन्त्री र २ जना राज्यमन्त्री बन्न सफल भएका छन् । त्यस्तै, जसपाबाट दोस्रो पटक निर्वाचित सांसदहरु पनि पहिलो पटक मन्त्री बनेका छन् । प्रदेशसभा प्रवेशको पहिलो पटकमै मन्त्री हुनेमा नेकपा एमालेका सरोजकुमार यादव, राजकुमार लेखी, शत्रुधन प्रसाद सिंह र मो. जयद आलम रहेका छन् भने हिजोमात्र एमाले प्रवेश गरेका केशव राय चौधरी राज्यमन्त्री बनेका छन् । त्यस्तै, जनमत पार्टीबाट महेश प्रसाद यादव र बसन्त कुशवाहा मन्त्री बन्दा संजयकुमार यादव पनि पहिलो पटक सांसद बनेर राज्यमन्त्रीमा नियुक्त भएका छन् । पहिलोपटक प्रदेशसभामा आएका नेकपा एमालेका संसदीय दलका नेतासमेत रहेका महोत्तरी ४ (क) बाट निर्वाचित सरोजकुमार यादव भौतिक पूर्वाधार विकास मन्त्री, सप्तरी १ (क) बाट निर्वाचित राजकुमार लेखी कानून न्याय तथा प्रदेशसभा मामिला मन्त्री, सिरहा २ (ख) बाट निर्वाचित शत्रुधन प्रसाद सिंह गृह तथा सञ्चार मन्त्री, रौतहट २ (क) बाट निर्वाचित मो. जयद आलम महिला, बालबालिका युवा तथा खेलकुद मन्त्री र रौतहट ३ (क) बाट निर्वाचित केशव राय चौधरी गृह तथा सञ्चार राज्यमन्त्री बनेका हुन् । जनमत पार्टीबाट संसदीय दलका नेतासमेत रहेका सप्तरी २ (ख) बाट निर्वाचित महेश प्रसाद यादव संसदीय यात्राको पहिलो पटकमै शिक्षा, विज्ञान प्रविधि तथा वाणिज्य मन्त्री र समानुपातिक सांसद बसन्त कुशवाहा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बनेका छन् भने सिरहा २ (क) बाट निर्वाचित संजयकुमार यादव भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्रीमा नियुक्त भएका छन् । उता, जसपा नेपालबाट निर्वाचित भई प्रदेशसभामा दोस्रो पटक प्रवेश पाएका बारा १ (ख) बाट निर्वाचित सांसद सरोजकुमार यादव मुख्यमन्त्री बन्दा सर्लाही ३ (ख) बाट निर्वाचित संजयकुमार यादवले यसपटक भने अर्थ मन्त्रालयको जिम्मेवारी पाएका छन् । संजय पनि दोस्रो पटक निर्वाचित सांसद हुन् । त्यस्तै, महोत्तरी २ (ख) बाट दोस्रो पटक निर्वाचित सांसद सुरिता कुमारी साहलाई सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ । उनी माघ ८ गते जसपा प्रवेश गरेर मन्त्री पद हत्याउन सफल भएकी हुन् । दोस्रोपटकपर्सा ४ (ख) बाटनिर्वाचित जसपाका सांसद सिंगासन सा कलवारले पनि पहिलोपटक खाने पानी तथा उर्जा विकास मन्त्रालयको जिम्मेवारी पाउँदा रौतहट ४ (ख) बाट दोस्रो पटक निर्वाचित सांसद शेख अबुकलाम आजाद भने सामाजिक विकास राज्यमन्त्री बनेका छन् । जनमत पार्टीका लागि भने मंसिर ४ गते सम्पन्न प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन संसदीय यात्राको पहिलो खुड्किलो हो । प्रदेशसभामा ८३ नयाँ अनुहारको प्रवेश मधेस प्रदेशसभामा १०७ मध्ये ८३ नयाँ अनुहारले यसपटक प्रवेश पाएका छन् । प्रदेशसभामा प्रत्यक्षतर्फ ४१ र समानुपातिकतर्फ जसपाका मनिषकुमार सुमनबाहेक अन्य ४२ जना नयाँ अनुहार छन् । अघिल्लो निर्वाचनमा चुनिएका २३ जना प्रत्यक्ष निर्वाचित र जसपाका मनिषकुमार सुमन समानुपातिक कोटाबाट यसपटक पुनः दोहोरिएका हुन् । मधेस प्रदेशसभामा प्रत्यक्ष निर्वाचित ६४ र समानुपातिक ४३ जना गरी जम्मा १०७ सदस्यीय सांसद चुनिने व्यवस्था रहेको छ । यसपटक मधेस प्रदेशमा नेकपा एमाले, नेपाली कांग्रेस, जसपा, जनमत पार्टी, लोसपा, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राप्रपा, नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीसहित १० वटा दलको प्रतिनिधित्व रहेको छ । मधेस प्रदेशसभामा एमालेले प्रत्यक्षमा १५ र समानुपातिक ८ गरी २३ सिट पाएर पहिलो दल बन्दा नेपाली कांग्रेस प्रत्यक्षमा १३ र समानुपातिकमा ९ गरी २२ सिट पाएर दोस्रो, जनता समाजवादी पार्टी प्रत्यक्षमा ९ र समानुपातिकमा ७ गरी १६ सिट पाएर तेस्रो, जनमत पार्टी प्रत्यक्षमा ६ र समानुपातिकमा ७ गरी १३ सिटसहित चौथो दल बनेको छ । यस्तै, लोसपाले प्रत्यक्षमा ७ र समानुपातिकमा २ गरी ९ सिट पाएर पाँचौं, माओवादी केन्द्र प्रत्यक्षमा ४ र समानुपातिकमा ४ गरी ८ सिट पाएर छैठौं तथा एकीकृत समाजवादी प्रत्यक्षमा ४ र समानुपातिकमा ३ गरी ७ सिट पाएर सातौं दल बनेको छ । मधेस प्रदेशसभामा राप्रपा, नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले समानुपातिकमा १-१ सिट पाएका छन् ।

# माओवादीले दुई महिने अभियान चलाउने

**टक नेपाल, काठमाडौं ।** नेकपा(माओवादी केन्द्र) ले आगामी दुई महिना पार्टीका सबै नेता तथा कार्यकर्तालाई सङ्गठन निर्माणमा परिचालन गर्ने भएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आज बसेको स्थायी समितिको बैठकले पार्टीका सबै जनवर्गीय सङ्गठन, जनसङ्गठन एवं सहायक सङ्गठनको बैठक आयोजना गर्ने निर्णय गरेको छ । सो बैठकसँगै पार्टीको प्रदेश तथा जिल्ला समन्वय समिति एवं स्थानीय समितिको बैठक आयोजना गरिने प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिनुभयो । उहाँले गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पार्टीको आधिकारिक उम्मेदवार विरुद्ध गएर घात तथा प्रतिघात गर्नेसम्बन्धमा पनि स्थानीय रुपमा नै समीक्षा गर्ने निर्णय बैठकले गरेको छ । जनतासँग जोडिएर पार्टीको समग्र अवस्थाको मूल्याङ्कन गरेर आगामी दुई महिनापछि केन्द्रीय समितिको बैठक बोलाइने प्रवक्ता महराले जानकारी दिनुभयो ।

**सहमतिमा राष्ट्रपति**

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै पार्टीका अर्का नेता देवेन्द्र पौडेलले नेकपा (एमाले) सहितको सहमतिमा राष्ट्रपतिको चयन गरिने बताउनुभयो । उहाँले सहमतिका आधारमा नै मुलुकका समस्या समाधान गर्ने सोच आफूहरुको रहेको र त्यसैका आधारमा आफ्नो मत राखेको उल्लेख गर्नुभयो । राष्ट्रिय सहमतिको कुरा गर्दा कोही कसैले पनि आत्तिन नहुने नेता पौडेलको भनाइ छ ।

**प्रधानमन्त्रीको निर्देशन तल पठाइने**

प्रवक्ता महराका अनुसार पार्टी दाहालको नेतृत्वमा वर्तमान सरकार गठन भएपछि प्रधानमन्त्रीका रुपमा दिनुभएको निर्देशनलाई पनि तल्ला समितिमा पठाइने छ । प्रधानमन्त्रीले सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउनका लागि मातहतका सबै निकायलाई निर्देशन दिनुभएको छ ।

# बिचौलिया नियन्त्रणका.......................

कृषि क्षेत्रमा राज्यले नेतृत्व र नियन्त्रण गर्न नसके अझै समस्या आउने उनको भनाइ छ । उनले चितवनका किसानले सडकमा तरकारी फालेर आन्दोलन गर्नु राम्रो नभएको भन्दै समस्या समाधानका लागि सरकार तयार रहेको र यस विषयमा प्रधानमन्त्रीले समेत चासो दिएको जानकारी दिइन्। 'वास्तविक समस्या के हो भन्ने बुझेर रिपोर्टसहित ल्याउन प्रधानमन्त्रीको निर्देशन छ', उनले भनिन्। कार्यक्रममा बागमती प्रदेशसभा सदस्य उत्तम जोशी, भरतपुर महानगर पालिका प्रमुख रेनु दाहाल, नेपाली काङ्ग्रेस चितवनका सभापति राजेश्वर खनाल, नेकपा (एमाले) चितवनका अध्यक्ष रामप्रसाद न्यौपाने, नेकपा (माओवादी केन्द्र) का जिल्ला संयोजक रामचन्द्र अधिकारी, किसान सङ्घका केन्द्रीय अध्यक्ष गणेश तिमिल्सिना, नेपाल डेरी उद्योग सङ्घका अध्यक्ष राजकुमार दाहाल, जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ चितवनका अध्यक्ष किशोर बगाले, समाजका अध्यक्ष आनन्द न्यूरे, सल्लाहाकार भेषराज पाण्डे, समाजका प्रवक्ता हरि अधिकारीलगायतको सहभागिता थियो । माघ २३ सम्म सञ्चालन हुने अधिवेशनले आगामी चार वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्नेछ । प्रदेश संयोजकसहित ९९ सदस्यीय नयाँ नेतृत्व चयन हुनेछ । समाजको ३२ जिल्लामा शाखा छन् ।


## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |


## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | गरेको कार्यमा बाधा आउनेछ । | तुला | कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । |
| बृष | राजनीतिक क्षेत्रको काम अघि बढ्नेछ । | वृश्चिक | आज स्वादिष्ट भोजन पाइनेछ । |
| मिथुन | दैनिक कार्यमा प्रगति हुनेछ । | धनु | वाणीमा लगाम लगाउनु पर्ला नत्र झुटो बोल्न बाध्य भइनेछ । |
| कर्कट | विशिष्ट व्यक्तिको सहयोग पाइनेछ । | मकर | आज आँटेको कार्य अगाडि बढ्ला । |
| सिंह | आर्थिक कारोबारमा विवाद आउनेछ । | कुम्भ | आज चिन्ता छाडेर चिन्तन र कर्म गर्नाले राम्रो फल मिल्नेछ । |
| कन्या | नयाँ कार्यको थालनी हुनेछ । | मीन | आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# वैदेशिक सम्बन्ध

नेपालको आन्तरिक राजनीतिमा उतारचढाव आइरहेको बेला अमेरिकी राजनीतिक मामिला सम्बन्धी उपविदेशमन्त्री भिक्टोरिया नुल्यान्डको नेपाल भ्रमण अर्थपूर्ण भएको छ । अमेरिकाले नेपालमा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) लागू भएपछि अमेरिकी सरकारका उच्च अधिकारीको नेपाल भ्रमण बढेको छ । एमसीसी परियोजना नेपालले कार्यान्वयनमा ल्याउन हुने र नहुने दुई पक्षमा जनआवाज उठेको थियो । यद्यपि तत्कालीन शेरबहादुर देउवा सरकारले एमसीसी परियोजना नेपालमा लागू गर्ने निर्णय गर्‍यो र संसद्बाट अनुमोदन पनि भयो, यसपछि विवाद एक किसिमले किनारा लागेको छ । एमसीसी सैन्य सहयोग होइन, न त सशस्त्र गतिविधिको पक्षीय सम्झौता नै हो भन्ने कुरामा विश्वस्त भएर नेपाल सरकार र जनप्रतिनिधिले यसलाई स्वीकार गरेका हुन् । अमेरिकी सहयोग एमसीसीलाई अनेक विवादका बाबजुद नेपालले स्वीकार गरेपछि अमेरिकाको रोजाइमा नेपाल पर्नु स्वाभाविक पनि हो। यसअघि छिमेकी भारतले नेपाललाई हेर्ने दृष्टिकोणलाई आधार मानेर अमेरिकाले नेपाललाई हेर्दै आएकोमा एमसीसी परियोजना लागू भएपछि अमेरिकाले नेपाललाई हेर्ने दृष्टिकोणमा परिर्वतन गरेको देखिन्छ। नेपाल भ्रमणमा रहेकी अमेरिकी उपमन्त्री भिक्टोरियाले नेपालले चीन र रसियालाई साथ दिन नहुने कुरामा जोड दिनु पनि अस्वाभाविक होइन । नेपालको नयाँ सरकारसँग मिलेर काम गर्न अमेरिका तयार रहेको सन्देश समेत दिएकी भिक्टोरियाले कूटनीतिक भाषामा नेपाललाई चीन र रसियाको छायाँमा नपर्न सचेत गराएको बुझिएको छ । नेपालमा अमेरिकाले शुरु गरेको परियोजनाप्रति छिमेकी मुलुक सन्तुष्ट नभइरहेको परिप्रेक्षमा अमेरिकी उपमन्त्रीले नेपालका उच्च तहका सरकारी अधिकारीहरुसँगको भेटमा दुई मुलुकको नामै लिएर टाडा बस्न आग्रह गर्नुले पनि अमेरिकी आशय प्रष्ट हुन्छ । अमेरिका मात्र होइन, विश्वका कुनै पनि शक्तिशाली र विकसित मुलुकले नेपालजस्ता अल्पविकसित मुलुकलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने र आफू पक्षीय राजनीतिमा सहयोगी बनिदेओस् भनेर कामना गर्ने प्रवृत्तिलाई अन्यथा मान्न पनि सकिन्न । सहयोगी दातृ मुलुकहरुको सद्भावमा अर्थतन्त्रको ठूलो हिस्सा टेकाउन विवश नेपालले सबैका कुरा सुन्नु आवश्यक पनि हुन्छ । यद्यपि कसैको आग्रह कुन रुपमा स्वीकार गर्ने वा नगर्ने, त्यो भने नितान्त नेपालको विशेषाधिकार हो। मुलुकले अंगीकार गरेको परराष्ट्र नीतिका आधारमा कुनै आग्रह स्वीकार गर्ने वा नगर्ने कुरा हुन्छ । नेपालजस्तो गरिव मुलुकले विश्वका शक्तिशाली मुलुकसँगको सम्बन्धलाई सन्तुलित राख्दै नजिकका दुई छिमेकी मुलुकसँगको सम्बन्धलाई प्राथमिकता दिनैपर्दछ । असंलग्न परराष्ट्र नीतिप्रति प्रतिवद्ध भएर नेपालको विकासलाई अगाडि बढाउनुको विकल्प देखिन्न । नेपालका विकास परियोजनामा लगानी गरेका मुलुकहरुले राखेका शर्तहरुलाई ख्याल गर्दै मुलुकको विकास र त्यसले छिमेकी मुलुकलाई पनि नचिढ्याउने किसिमले काम गर्न सक्नुपर्दछ । अमेरिका लगायत विश्वका शक्तिशाली मुलुकहरु अहिले चीन र रुस विरुद्ध विश्व जनमत तयार पार्न लागेको बेला नेपालसँग पनि अमेरिकाले साथ खोजेको देखिन्छ । नेपालले मुलुकको हितलाई सर्वोपरी राखेर दातृ मुलुकका आग्रहलाई सुन्नुपर्छ। एकातिर असंलग्न परराष्ट्र नीतिको कुरा छ भने अर्कातिर वस्तुवादिताको सबाल छ । तटस्थ बस्ने नाममा मानवअधिकारको हनन गर्नेलाई सघाउन पनि सकिन्न, न त दातृ मुलुकलाई चिढाउन नै सकिन्छ। यी सवै विषयमा सन्तुलन राख्नसक्नु नेपालका लागि चुनौतीको विषय बनेको छ ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

# ८९ अंकले नेप्से घट्दा १२ अर्ब ८१ करोडको कारोबार

**टक नेपाल, काठमाडौँ ।**
सेयर बजारका लागि यो साता खासै राम्रो भएन । बढ्दो बैंकको ब्याजदर, चालु पुँजीकर्तासँगै यता लगानीकर्ताहरुले मार्जिन लेन्डिङको १२ करोडको सीमा खारेजीको माग गर्दैगर्दा यता नेप्सेले ८९ अंक माथिको गिरावट बेहोरेको छ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) का अनुसार यससाता नेप्से सूचक ८९.०८ अंकले घट्दै २०९४.५४ अंकको विन्दुमा झरेको छ। अघिल्लो साताको अन्तिम कारोबार बिहीबार ०.४१ अंकले घट्दै २१८३.२१ विन्दुमा अडिएको नेप्से सूचक यो साताको सुरुवाती दिनमै १४.६८ अंकले घट्दै २१६८.५४ अंकमा झरेको थियो । यस्तै, दोस्रो दिन माघ १६ गते ४१.१६ अंकले घट्दै २१२७.३८ अंकमा ओर्लिएको नेप्से सूचक तेस्रो दिन १५.७० अंकले घटेर चौथो दिन (माघ १८ गते) ४.९७ अंकले बढेको थियो । यस साताको अन्तिम कारोबार दिन बिहीबार पुनः २२.१२ अंकले घट्दै नेप्से सूचक २०९४.५४ अंकमा झर्न पुगेको छ ।




# छ महिनामा एक सय ४५ उद्योग दर्ता

**टक नेपाल, काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०७९/८० को पुस मसान्तसम्ममा कूल एक सय ४५ उद्योग दर्ता भएका छन् । उद्योग विभागले सार्वजनिक गरेको अर्धवार्षिक अवधिको उद्योग दर्ता र विदेशी लगानी स्वीकृतिको तुलनात्मक विश्लेषण तथ्याङ्कअनुसार चालु आवको पुस मसान्तसम्ममा ३९ ठूला, ४१ मझौला र ६५ साना उद्योग दर्ता भएका हुन् । यी उद्योगमा स्वदेशी र विदेशी दुवै खालको लगानी रहेको छ। गत आवको अर्धवार्षिक अवधिको तुलनामा यस वर्षको उद्योग दर्ताको सङ्ख्या कम हो । गत आवको पुस मसान्तसम्ममा ४६ ठूला, ५७ मझौला र ५२ साना गरी कूल एक सय ५५ उद्योग दर्ता भएको विभागको तथ्याङ्कमा देखिन्छ । चालु आवको पुस मसान्तसम्ममा दर्ता भएका एक सय ४५ उद्योगमा रू एक खर्ब ३९ अर्ब बराबर लगानी प्रतिबद्धता आएको पनि विभागले जनाएको छ । यसवर्षको अर्धवार्षिक अवधिमा आएको लगानी प्रतिबद्धता पनि गत वर्षको भन्दा कम हो। गत आवको पुस मसान्तसम्ममा रू एक खर्ब ९० अर्ब बराबर लगानी प्रतिवद्धता आएको देखिन्छ । विभागका अनुसार हालसम्म नेपालमा कूल रू २७ खर्ब ६६ अर्ब लगानी प्रतिवद्धतासहित आठ हजार नौ सय नौ उद्योग दर्ता भएका छन् । यस्ता उद्योगमा ठूला उद्योग एक हजार तीन सय ४४, मझौता उद्योग दुई हजार ५८ र साना उद्योग पाँच हजार पाँच सय सात रहेका छन् । यसरी हालसम्म दर्ता भएका करिब नौ हजार उद्योगबाट प्रस्तावित रोजगारी छ लाख ६७ हजार तीन सय २३ जना रहेको पनि विभागले जनाएको छ । गत पुस मसान्तसम्ममा दर्ता भएका कूल एक सय ४५ उद्योगमध्ये एक सय ३३ उद्योगमा रू १७ अर्ब ३० करोड बराबर विदेशी लगानीको प्रतिबद्धता आएको छ। हालसम्म नेपालमा कूल पाँच हजार छ सय ६४ विदेशी लगानी स्वीकृति भएको पनि विभागले जनाएको छ । यसरी विदेशी लगानी स्वीकृत भएका उद्योगमा ठूला उद्योग तीन सय २४, मझौला उद्योग छ सय २२ र साना उद्योग चार हजार आठ सय १८ रहेका छन् । हालसम्म स्वीकृत कूल विदेशी लगानी प्रतिबद्धता भने रू चार खर्ब ३६ अर्ब बराबर रहेको विभागको तथ्याङ्कबाट देखिन्छ। यसरी विदेशी लगानी स्वीकृत गर्दा प्रस्तावित रोजगारीको सङ्ख्या दुई लाख ९९ हजार नौ सय ६१ जना छ। नेपालमा हालसम्म साढे पाँच हजार भन्दा बढी उद्योगमा विदेशी लगानी स्वीकृत भएकामा पर्यटन र सेवामूलक क्षेत्रका उद्योगमा तुलनात्मक रुपमा बढी लगानी भएको देखिएको छ । गत पुस मसान्तसम्म वैदेशिक लगानी भित्र्याउने उद्योगमध्ये सेवा र पर्यटन क्षेत्रका उद्योगको सङ्ख्या मात्रै आधाभन्दा बढी छ । चालु आवको छ महिना अवधिमा एउटा प्याटेन्ट दर्ता, आठ वटा डिजाइन दर्ता र एक हजार पाँच सय ५१ ट्रेडमार्क दर्ता भएको पनि विभागले जनाएको छ । विभागमा हालसम्म भएको कूल पेटेन्ट दर्ताको सङ्ख्या भने ८१ छ । त्यस्तै तीन सय डिजाइन र ५७ हजार पाँच सय ६६ ट्रेडमार्क दर्ता भइसकेको विभागले जनाएको छ ।






# तरकारी ढुवानी गर्न नदिएको भन्दै लालबन्दीका व्यापारी आन्दोलित



**टक नेपाल, लालबन्दी ।** ट्राफिक प्रहरीले तरकारी ढुवानीमा अवरोध गरेको भन्दै सर्लाहीको लालबन्दी बजारका व्यापारी आन्दोलित बनेका छन् । शुक्रबार राति लालबन्दी बजारबाट व्यापारीले बसमा तरकारी लोड गरेर काठमाडौं पठाएका थिए । तर, जिल्लाको बागमतीस्थित ट्राफिक प्रहरी पोष्टबाट बस पुनः लालबन्दी फर्काएर तरकारी ओराल्न लगाएको भन्दै उनीहरु आन्दोलित बनेका हुन् । आन्दोलित व्यापारीहरुले शनिबार बिहान सडकमै सिमी, भन्टालगायतका तरकारी पोखेका थिए । यसअघि ट्राफिक प्रहरीले महिनावारी पैसा उठाएर तरकारी ढुवानी गर्न दिएको उनीहरुको आरोप छ । तर, पछिल्लो समय थप पैसा मागेर दुःखदिएको व्यापारीहरुले गुनासो गरे । व्यापारीहरु सडकमै तरकारी पोखेर आन्दोलनमा उत्रिएपछि केही समय पूर्व-पश्चिम राजमार्ग अवरुद्ध बनेको थियो । पछि सुरक्षा अधिकारीहरुको अनुरोधमा छलफलबाट निकास निकाल्ने गरी सडक भने सुचारु भएको छ । जिल्लाको लालबन्दी, हरिवन लगायतका स्थानमा थोक व्यापारीहरुले संकलन गरेको तरकारी बसको छतमा लोड गरेर ढुवानी गरेको पाइएको ट्राफिक प्रहरीले जनाएको छ । यसरी बसमा सामान ढुवानी गर्दा दुर्घटना बढेको भन्दै प्रहरीले कडाई गरेको जिल्ला ट्राफिक प्रहरी सर्लाहीका प्रमुख प्रहरी निरीक्षक ईश्वर कार्कीले जानकारी दिए ।

ट्राफिक प्रहरी निरीक्षक कार्कीले भने, 'एकपटकलाई जरिवाना गरेर छोड्दा, पटक-पटक बसमा तरकारी ढुवानी हुन थालेपछि फर्काएर अनलोड गर्न लगाइएको हो ।' व्यापारी र सावारी चालकले जबर्जस्ती गरेर तरकारी बसमा ढुवानी गर्ने गरेको उनले दावी गरे । 'पैसा लिने गरेको आरोपमा सत्यता छैन,' उनले भने, 'कसले कसरी पैसा लिएको हो रु भन्नु पर्यो हामी कार्वाही गर्छौं । तर, नियमविपरीत गतिविधि नियन्त्रण हुन्छ ।'

# वीरगञ्ज नाकाबाट एक वर्षमा ६५९ पर्यटक भित्रिए

**टक नेपाल, पर्सा ।** पर्साको वीरगञ्ज भन्सार नाकाबाट पछिल्लो एक वर्षको अवधिमा ६५९ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमण कम भएसँगै नेपालबाट बाहिरिने भन्दा भित्रिने पर्यटकको सङ्ख्या बढ्दै गएको हो । पर्यटक प्रहरी कार्यालय वीरगञ्जका अनुसार सन् २०२२ को जनवरी देखि सन् २०२३ को जनवरीसम्म यहाँबाट ६५९ विदेशी पर्यटक नेपाल भित्रिएका छन् भने पाँच सय पाँच जना विदेशी पर्यटक बाहिरिएका छन् ।

हावापानी तथा घुमफिर गर्ने मौसमका दृष्टिकोण उपयुक्त मानिएको असोज, कातिक, मङ्सिर र पुसमा अन्य महिनाको तुलनामा पर्यटकको सङ्ख्या बढी रहेको पर्यटन प्रहरी कार्यालय वीरगञ्जका प्रमुख प्रहरी नायब निरीक्षक अनिल कुमार महतोले जानकारी दिनुभयो । कार्यालयको तथ्याङ्क अनुसार पछिल्लो पुसमा मात्रै वीरगञ्ज नाकाबाट एक सय दुईजना विदेशी पर्यटक नेपाल भित्रिएका छन् भने उए सय २४ जना बाहिरिएका छन् । भारतको विभिन्न सहर घुमेर वीरगञ्ज नाकाबाट नेपाल आउनेमा अमेरिका, फ्रान्स, थाईल्याण्ड, जर्मनी, युएसए र क्यानडाका पर्यटक बढी हुने महतोले बताउनुभयो । यहाँ आउने पर्यटकलाई होटल, यातायातलगायतमा असुबिधा वा ठगि हुन नदिन सचेतना जगाउनुको साथै दुर्घटनामा परी घाइते भएकालाई उपचार गराई परिवारजनको जिम्मा लगाउने काम पर्यटक प्रहरी कार्यालय वीरगञ्जले गर्दै आएको निरीक्षक महतोको भनाइ छ । भारतको रक्सौलहुँदै वीरगञ्ज नाकाबाट नेपाल भित्रिने विदेशी पर्यटलाई अध्यागमन कार्यालय वीरगञ्जले अनअराईबल भिसा दिने गरेको छ ।

# एमालेले राष्ट्रपतिको उम्मेदवार खल्तीबाट निकाले स्वीकार्य हुन्न : गगन थापा




**टक नेपाल, बारा ।** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेकपा एमालेले राष्ट्रपति निर्वाचनमा बनाउने उम्मेदवार सरकारको आदेशपालक मात्र हुन सक्ने आशंका गरेका छन् । विगतमा संविधानले नचिनेपनि राष्ट्रपति कार्यकारी बन्न खोजेको देखिएको भन्दै फेरि एमालेकै उम्मेदवारलाई राष्ट्रपति चुने संवैधानिक अभ्यास दूलो अप्ठेरो र दुर्घटनामा जाने उनले बताए । बाराको कलैयामा शनिबार नेपाल प्रेस युनियन मधेस प्रदेशको प्रथम अधिवेशनको उद्घाटन सत्रमा बोल्दै नेता थापाले भने, 'हेर्दा सामान्य विषय लाग्छ । तर अहिले नेपाल कम्युनिष्ट पार्टीका नेताले खल्तीबाट निकाल्ने नामलाई बहुमतको आधारमा नेपालको राष्ट्रपति बनाउने हो भने दावाका साथ भन्न सकिन्छ । यो पाँचवर्षको संवैधानिक अभ्यास दूलो अप्ठेरो र दुर्घटनामा जान्छ ।' एमालेको नेताले खल्तीबाट नाम निकालेर आफूले कज्याउन सक्ने, आफ्नो आदेश मान्ने, आदेश पालक एउटा व्यक्तिलाई अघि सार्ने उनको दावी छ । त्यो व्यक्तिलाई अहिलेको सत्ता गठबन्धनको बहुमतले राष्ट्रपति बनाए अलग्गै शक्तिकेन्द्रको अभ्यास गर्ने उनको भनाइ छ । संविधानले नचिनेको अभ्यासतिर लिएर जाने प्रयासलाई रोक्नुपर्ने तर्क उनको छ । 'राष्ट्रपति मार्फत नेकपा एमालेको नेताले आजको दिनमा देखिरहेका छौं, हेरिरहेका छौं', उनले भने 'संविधानले नचिनेको उच्चस्तरीय राजनीतिक संयन्त्र भनौं, एक्स्ट्रा कन्स्टिच्युसनल अभ्यास गर्ने जुन कुरा सुरु भएको छ । त्यो राष्ट्रपति मार्फतबाट गर्नुपर्छ, त्यसपछि एउटा समाचार बालुवाटारबाट निस्कन्छ, अर्को शितल निवासबाट निस्कन्छ ।' आफूले प्रधानमन्त्रीलाई भेटेर संविधान र व्यवस्थाको स्थायित्वको लागि राष्ट्रपति निर्वाचनमा एमालेलाई सहयोग गर्न सुझाव दिएको पनि महामन्त्री थापाले बताए । 'मैले प्रधानमन्त्रीलाई भेटेर भनेको छु, प्रधानमन्त्री ज्यू नेपालको संविधानले प्रधानमन्त्री चिन्छ, संवैधानिक राष्ट्रपति चिन्छ, कार्यकारी राष्ट्रपति चिन्दैन । तपाई कार्यकारी राष्ट्रपति बनाउने बाटोतिर जाँदै हुनुहुन्छ । संविधानलाई बल्ल बल्ल हामीले सम्हालेका छौं, त्यसले डुबाउने खेलतिर लैजान्छ ।' राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक रोकेकोतर्फ संकेत गर्दै थापाले विधेयक वा अध्यादेश माथि निर्णय गर्ने अधिकार संसद र विधायकलाई मात्र हुने बताए । 'म सांसद हो, नागरिकताको विधेयकको सन्दर्भमा के ठिक छ के बेठिक छ भन्ने वा कुनैपनि अध्यादेशको पक्ष वा विपक्षमा उभिने अधिकार मलाई छ । जनताले मलाई त्यो जिम्मेवारी दिएर पठाएको हो' थापाले भने, 'तर संविधानले के भन्दैन, राष्ट्रपतिले राष्ट्रअध्यक्षको भूमिका निर्वाह गर्दै गर्दा जनप्रतिनिधि संस्थाले बनाएको कानुनको मेरिटमा बस्ने अधिकार राख्छ ।'

**लिङ्ग छनोट गरि गर्भपतन गर्नु अपराध हो**

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौ, नगराऔ ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो ।, त्यसता कार्य गर्नु वा गराउनु हुदैन् ।
- चिकित्सक समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेशालाइ मर्यादित बनाऔ ।
- विभेद रहित समाजको निर्माण गरौ ।

**एकडारा गाउँपालिका, एकडारा, महोत्तरी**




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com